# वैरोचन बुद्धको हस्तमुद्रा - एक अध्ययन

–डा. नरेशमान बज्राचार्य

पि.एच.डी. को सन्दर्भमा भारतको बसाइमा एकदिन दिल्ली बसाइका बेला एक दिन मेरा दक्षिण कोरियाली मित्रद्वय श्रद्धेय एम.एस. घिम र श्रद्धेय एस.के. सन् ध्यानमा मग्न भइरहेका देखें ।[१]

उनीहरू बायाँ हातको चोर औंला मात्र उठाएर बाँकी औंलाहरूलाई मुठ्ठीमा बाँधेर अनि दायाँ हातको बूढी औंला दब्ने गरी बनाइएको औंलाहरूको मुठ्ठी भित्र पर्ने गरी बायाँ हातको चोर औंलालाई समातेको एक प्रकारको हस्तमुद्रा (Hand Posture) बनाई दुवै हात आफ्नो छातीसम्म उठाएर अर्ध–पद्मासनमा बसेर ध्यान गरिरहेका थिए ।[२]

ममा उत्सुकता जाग्यो–उनीहरू के को ध्यान, कस्तो किसिमको ध्यान, कुन हस्तमुद्रामा ध्यान गरिरहेका होलान् ?

उनीहरूको ध्यान सकिसकेपछि मैले उनीहरूलाई त्यो ध्यान र हस्तमुद्राको विषयमा सोधें । उनीहरूले वैरोचन बुद्धको हस्तमुद्रामा बज्रधातुको ध्यानमा बसिरहेको कुरा बताए । कोरियाको परम्परा अनुसार वैरोचनको मुद्रा त्यस्तै हुन्छ र वैरोचनको मूर्तिहरूमा त्यस्तै हस्तमुद्रा भेटिन्छ भन्ने पनि जानकारी दिए ।

मलाई आश्चर्य लाग्यो उनीहरूले बनाएका हस्तमुद्रा कसरी वैरोचन बुद्धको हस्तमुद्रा हुनसक्छ र ? किनभने आफूलाई थाहा भएको साथै आफूले नेपालमा देखेको वैरोचन बुद्धको मूर्तिमा त वैरोचन बुद्धले आफ्नो छुट्टाछुट्टै दुवै हातका चोर औंला र कान्छी औंला उठाएर बाँकी तीन औंलाहरूको मुठ्ठी बनाएर बाँया हातको मुठ्ठीले दाँया हातको चोर औंला भित्र पर्ने गरी समातेर दुवै हात आफ्नो छातीसम्म उठाएर बस्नु भएको छ ।[३]

---

१ ती मित्रद्वय दक्षिण कोरियाका जिन्गाक् बौद्ध सम्प्रदायका गृहस्थ बौद्ध आचार्यहरू हुन् । जिन्गाक् बौद्ध सम्प्रदायको लागि मूलमन्त्र षडक्षरी मन्त्र "ॐ मणि पद्मे हुँ" हो भने ध्यानका मूल विषय 'वज्रधातुमण्डल' हो ।

२ द्रष्टव्य, फोटो नं. १ (क) र (ख)

३ द्रस्टव्य, फोटो नं. २

वैरोचन बुद्धको त्यो हस्तमुद्रालाई बोध्यङ्ग मुद्रा भन्ने चलन छ र कोही कोही नेपाली बौद्ध विद्वान्हरूले कोध्यङ्गमुद्राको दर्शन (अर्थ-व्याख्या) बताउनु पर्दा सप्तबोध्यङ्ग (स्मृतिसंबोध्यङ्ग, धर्मविचयसंबोध्यङ्ग, वीर्यसंबोध्यङ्ग, प्रीतिसंबोध्यङ्ग, प्रस्रब्धिसंबोध्यङ्ग, समाधिसंबोध्यङ्ग र उपेक्षासंबोध्यङ्ग) को आधार लिएको सुन्न पाइन्छ।

यसरी कोरियामा र नेपालमा वैरोचनबुद्धको हस्तमुद्रा भिन्नाभिन्नै, एकआपसमा ठ्याक्कै विपरीत भएको पाएँ।

मनमा प्रश्न उठ्यो-नेपालमा पाइने वैरोचन बुद्धको हस्तमुद्रा ठीक छ कि कोरियामा पाइने वैरोचन बुद्धको हस्तमुद्रा ठीक छ ?

केही समय पछि काठमाडौं फर्कें। यता उति वैरोचन बुद्धका मूर्तिहरू हेर्छु । हरेक वैरोचन बुद्धका मूर्तिहरूमा एकनासका हस्तमुद्रा (फोटो नं. २ को जस्तै) छुट्टाछुट्टै दुवै हातका चोर औंला र कान्छी औंला उठाएर बाँकी तीन औंलाहरूको मुठी बनाएर बायाँ हातको मुट्ठीले दायाँ हातको चोर औंला भित्र पर्ने गरी समातेर दुवै हात आफ्नो छातीसम्म उठाएर बसेको मात्रै देख्छु।

आफूलाई थाहा छ, स्वयम्भू चैत्यका तल्लो भागमा पनि धातुका पञ्चबुद्ध (वैरोचन, अक्षोभ्य, रत्नसम्भव, अमिताभ र अमोघसिद्धि) र चारवटी देवीहरू (लोचनी, मामकी, तारा र पाण्डरा)का मूर्तिहरू छन्। स्वयम्भू चैत्यको तल्लो भागमा विद्यमान वैरोचन बुद्धको मूर्तिमा पनि भर्खरै वर्णन गरे जस्तै नै हस्तमुद्रा देखिन्छ।[४] त्यति मात्रै होइन, श्रुत परम्पराबाट थाहा भए अनुसार स्वयम्भू जीर्णोद्धार गर्दा त्यहाँका ढुङ्गाका पुराना पञ्चबुद्धका सबै मूर्तिहरू स्वयम्भू पर्वतको पश्चिम भागमा अर्को चैत्यमा सारिएका थिए। उक्त चैत्यमा विद्यमान ढुङ्गाको वैरोचनको पुरानो मूर्तिमा पनि माथि धातुको वैरोचनको मूर्तिमा जस्तै नै हस्तमुद्रा छ।[५]

एकदिन वैरोचन बुद्धकै हस्तमुद्रालाई ध्यानमा राखेर स्वयम्भू चैत्यलाई नियालेर हेर्दै थिएँ। स्वयम्भू चैत्यको पूर्व दिशामा भङ्गी (गर्भगृह - Dome) को माथि ठूल्ठूला दुई आँखा, ती आँखाको माथि तीनकुने पाता छ। त्यो तीनकुने पाताको तल्लो भागमा चारवटा मूर्तिहरू छन्। ती चारवटा मूर्तिको माथिल्लो भागमा वैरोचन बुद्धको मूर्ति देखें।[६] त्यो वैरोचन बुद्धको मूर्तिमा वैरोचन बुद्धको हस्तमुद्रा समेत स्वयम्भू चैत्यको मुनिबाट नै देखिन्छ। आश्चर्य लाग्दो छ, त्यो हस्तमुद्रा अरू वैरोचन बुद्धको हस्तमुद्रासंग मेल खाँदैन। त्यस मूर्तिमा वैरोचन बुद्धले आफ्नो दायाँ हातको मुट्ठीले बायाँ हातको चोर औंलालाई समातेको छ र बायाँ हातका बाँकी औंलाहरू मुट्ठीमा बाँधिएका छन्,[७] जुनचाहिं कोरियामा पाइने वैरोचन बुद्धको हस्तमुद्रासंग मेल खान्छ।

एउटै स्वयम्भू चैत्यको तल्लो भागमा र त्यसको माथि तीनकुने पातामा अवस्थित वैरोचन बुद्धको हस्तमुद्रा एक आपसमा विपरीत छन् । कुन चाहिं हस्तमुद्रा शास्त्रसम्मत वा आधिकारिक छ ? मेरो लागि खोजीको विषय भयो।

गएको केही महिना अगाडि मात्रै दक्षिण कोरियाको भ्रमण गर्ने मौका पाएँ। त्यहाँ राजधानी लगायत तीनवटा शहर घुमें । थुप्रै बौद्ध विहार, मन्दिर घुमें । राजधानीमा पुरातात्त्विक संग्रहालय पनि हेरें । सबै मूर्तिहरूमा वैरोचन बुद्धको हस्तमुद्रा एकनासको फोटो नं. १ (क) र (ख) मा जस्तै नै देखें। तर अपवादको रूपमा एउटा मन्दिरमा भने ठीक विपरीत मुद्रा जुन नेपालको बहुप्रचलित हस्तमुद्रासंग मेल खाने मुद्रा पनि देखें। यसरी त्यहाँ पनि वैरोचन बुद्धको दुई किसिमका हस्तमुद्राहरू देखें।

---

४ द्रष्टव्य, फोटो नं. ३

५ द्रष्टव्य, उही फोटो नं. २

६ द्रष्टव्य, फोटो नं. ४

७ द्रष्टव्य, फोटो नं. ५

उत्सुकताबश एकजना नेपाली बौद्ध विद्वान्‌लाई सोधें। एउटै स्वयम्भू चैत्यको वैरोचन बुद्धको हस्तमुद्रा एक आपसमा विपरीत खालका भेटिएको पनि बताएँ र देखाएँ पनि। उहाँले वैरोचन बुद्धको सामान्य सबैलाई थाहा भएको हस्तमुद्रा-बायाँहातको मुट्ठीले दायाँ चोर औंलालाई समातेको हस्तमुद्रालाई नै समर्थन दिनुभयो। उहाँले स्वयम्भू जीर्णोद्धार गर्दा भूलले तीनकुने पातामा मात्र वैरोचन बुद्धको अन्य खालको हस्तमुद्रा भएको मूर्ति राख्न पुगेको हुनसक्ने अनुमान पनि बताउनु भयो।

तर मेरो भने चित्त बुझेको थिएन। मूर्तिमा वैरोचन बुद्धको दुई किसिमका हस्तमुद्रा भेट्टियो। कुन चाहिं शास्त्रसम्मत छ? आधिकारीक छ? आधारग्रन्थ के हो?

धेरै पहिलेदेखि नै जानकारी भएको कुरा हो। वैरोचन बुद्ध वज्रधातुमण्डलको केन्द्रविन्दु हो। तुरून्तै वैरोचन बुद्धको तथा बज्रधातुमण्डलसंग सम्बन्धित ईशाको सातौं शताब्दी भन्दा पूर्वकालीन बौद्धग्रन्थ "सर्वतथागततत्त्वसंग्रह" को अध्ययन गरें। त्यस ग्रन्थमा वैरोचनबुद्धको हस्तमुद्राको विषयमा निम्नलिखित श्लोक पाएँ।

*वज्रमुष्टिं दृढां वध्वा द्विधीकुर्यात्समाहितः।*
*वजमपुद्राद्वयं भूयात् ततो बन्धः प्रवक्ष्यते ॥१॥*
*वामवज्राङगुलिर्ग्राह्यं दक्षिणेन समुत्थिता।*
*बोधाग्री नाम मुद्रेयं बुद्धबोधिप्रदायिका ॥२॥*[८]

माथि उल्लेखित श्लोक अनुसार पनि माथि उठेको बायाँ हातको चोर औंलालाई दायाँ हातको मुट्ठीले समातेमा "बोधाग्रीमुद्रा" हुन्छ भन्ने स्पष्ट अर्थ बुझिन्छ।

उही ग्रन्थको परिचयको अध्यायमा त्यस ग्रन्थका सम्पादकज्यूले समावेश गरेका मण्डल चित्रहरूमा पनि वैरोचन बुद्धको हस्तमुद्रा माथि भर्खरै वर्णन गरे झैं नै देखिन्छ।[९] ती मण्डल चित्रहरू जापानी बौद्ध परम्परा तथा शैली अनुसार लेखिएका थिए।

त्यस्तै लगभग ईशाको दशौं शताब्दीका बौद्ध विद्वान् महापण्डित अभयाकरगुप्तको "निष्पन्नयोगावलीमा" वज्रधातुमण्डलको विवरणको अध्ययन गरें। त्यस ग्रन्थमा वैरोचन बुद्धको ध्यान (शारीरिक विवरण) को सन्दर्भमा वैरोचन बुद्धको हस्तमुद्राको विषयमा निम्न लिखित गद्यांश पाएँ।

"*वैरोचनो ............. शुक्लैकमुखः सवज्रबोध्यङ्गीमुद्रा भृद्‌भुजद्वयः। वामे वज्रमुष्टेस्तर्जन्या उत्थिताया दक्षिणे वज्रमुष्टिना ग्रहणे सति बोध्यङ्गीमुद्रा।*"[१०]

माथि उल्लेखित गद्यांशको अर्थ अनुसार पनि वैरोचन सेतो वर्णको, एउटा मात्र मुख भएको दुवै हातले "सवज्रबोध्यङ्गीमुद्रामा" हुनुहुन्छ। बायाँ हातको मुट्ठीबाट उठेको चोर औंलालाई दायाँ हातको मुट्ठीले समातेमा "बोध्यङ्गीमुद्रा" हुन्छ भन्ने अर्थ बुझिन्छ।

यसरी माथि उल्लेखित दुईवटा ग्रन्थहरूका अनुसार निम्नलिखित दुईवटा कुरा स्पष्ट भएका छन्।

(क) वैरोचनबुद्धको हस्तमुद्राको नाम "बोधाग्रीमुद्रा" हो। उक्त हस्तमुद्रालाई "सवज्रबोध्यङ्गीमुद्रा" वा "बोध्यङ्गीमुद्रा" भनेर पनि भनिन्छ।

(ख) यदि बायाँ हातको चोर औंलालाई उठाएर बाँकी औंलाहरूको मुट्ठी बनाइन्छ। बायाँ हातको माथि उठिएका चोर औंलालाई दायाँ हातको मुट्ठीले समातिन्छ भने उक्त हस्तमुद्रालाई "बोधाग्रीमुद्रा" वा "सवज्रबोध्यङ्गीमुद्रा वा "बोध्यङ्गीमुद्रा" भनेर भनिन्छ।

निष्कर्षमा भन्ने हो भने नेपालको स्वयम्भू चैत्यको पूर्व दिशामा भङ्गी (गर्भगृह - Dome) को माथि ठूल्ठूला दुई आँखाको माथि विद्यमान तीनकुने पाताको माथिल्लो भागमा टाँसिएको वैरोचन बुद्धको मुद्रा, कोरियामा पाइने वैरोचन

---

८ लोकेशचन्द्र, सं., सर्वतथागततत्त्वसंग्रह (दिल्ली, १९८७), पृ.सं. ३०


द्रष्टव्य, चित्र नं. ६ तथा उही सर्वतथागततत्त्वसंग्रह, पृ सं. ४५ र ८०

महापंडित अभयकरगुप्तकृत निष्पन्नयोगावली, वि. भट्टाचार्य, सं., (बरोदा, १९७२), पृ.सं. ४४


बुद्धको मुद्रा र जापानी शैलीमा लेखिएको मण्डल चित्रमा देखिएका वैरोचन बुद्धको हस्तमुद्रा माथि उल्लेखित दुई ग्रन्थहरूमा वर्णन गरिए अनुसारको देखिन्छ, शास्त्रसम्मत देखिन्छ, आधिकारिक देखिन्छ। सम्भवत: चीनमा पनि त्यस्तै खालका हस्तमुद्रामा वैरोचन बुद्धको मूर्तिहरू भेट्टिनु पर्दछ । किनभने चीनबाट नै कोरिया र जापानमा बौद्धधर्मको विस्तार भएको तथ्य सर्वविदितै छ।

अन्त्यमा नेपालमा बहुप्रचलित रूपमा पाइने वैरोचन बुद्धको हस्तमुद्रा-दायाँ हातको चोर औंलालाई बायाँ हातको मुट्ठीले समातिएको हस्तमुद्राको आधारग्रन्थ के हो ? खोजी गर्न बाँकी नै देखिन्छ। एउटै स्वयम्भू चैत्यको तल्लो भागमा र माथि तीनकुने पातामा वैरोचनका एकआपसमा विपरीत खालका हस्तमुद्रा कसरी रहन गएको हो, त्यो पनि मनन र अनुसन्धानयोग्य देखिन्छ।

**फलक १**





<u>फोटो नं. १ (क)</u>
दक्षिण कोरियाको जिन्गाक् बौद्ध सम्प्रदायले ध्यान गर्दा अपनाउने वैरोचन बुद्धको हस्तमुद्रा



<u>फोटो नं. १ (ख)</u>
दक्षिण कोरियाको राजधानीमा रहेको पुरातात्त्विक संग्रहालयमा वैरोचन बुद्धको मूर्ति र लेखक

**फलक २**




फोटो नं. २
नेपालमा पाइने बहुप्रचलित वैरोचनको मूर्ति तथा स्वयम्भू चैत्य जीर्णोद्धार गर्दा त्यहाँ ढुङ्गाका पञ्चबुद्धका मूर्तिहरू स्वयम्भू पर्वतको पश्चिम भागमा अर्को चैत्य सारिएकाहरूमध्ये वैरोचन बुद्धको मूर्ति .




फोटो नं. ३
स्वयम्भू चैत्यको पूर्व दिशामा तल्लो भागमा हाल विद्यमान वैरोचन बुद्धको मूर्ति

## फलक ३



फोटो नं. ४
स्वयम्भू चैत्यको पूर्व भागको दुई आँखाको माथिको तीनकुने पातामा वैरोचन बुद्ध साथै अन्य चार मूर्तिहरू



फोटो नं. ५
स्वयम्भू चैत्यको पूर्व भागको दुई आँखाको माथिको तीनकुने पातामा वैरोचन बुद्धको मूर्ति

फलक ४



चित्र नं. ६
जापानी शैलीमा वैरोचन बुद्धको चित्र